# कालीगण्डकी गाउँकार्यपालिकाको कार्यालय

## विर्घा, स्याङ्जा

आज मिति २०८२ साल पौष २५ गते शुक्रबारका दिन कालीगण्डकी गाउँपालिकाको गाउँसभाको १८ औं अधिवेशनको दोस्रो बैठक गाउँपालिकाका अध्यक्ष श्री खिम बहादुर थापाज्यूको अध्यक्षतामा बसी देहाय बमोजिम गाउँसभाका सदस्यज्यूहरु एवं महानुभावहरुको उपस्थिति रह्यो।

<u>उपस्थिति:</u>

| दस्तखत | बैठकको मर्यादा | पदाधिकारी | गाउँपालिका/वडा नं | नामथर, |
|---|---|---|---|---|
| | अध्यक्षता | अध्यक्ष | गाउँपालिका | श्री खिम बहादुर थापा |
| | | उपाध्यक्ष | गाउँपालिका | श्री सावित्रा कोईराला |
| | | वडा अध्यक्ष | १ नं | श्री कृष्ण बहादुर लामिछाने |
| | | वडा अध्यक्ष | २ नं | श्री खगिसरा आले |
| | | वडा अध्यक्ष | ३ नं | श्री देवेन्द्र कुमार थापा |
| | | वडा अध्यक्ष | ४ नं | श्री यादव प्रसाद पाण्डेय |
| | | वडा अध्यक्ष | ५ नं | श्री रुक बहादुर थापा |
| | | वडा अध्यक्ष | ६ नं | श्री सुन्दर प्रसाद अधिकारी |
| | | वडा अध्यक्ष | ७ नं | श्री उम प्रसाद भट्टराई |
| | | कार्यपालिका सदस्य | | श्री हुमा देवी सार्की |
| | | कार्यपालिका सदस्य | | श्री टिकीसरा भट्टराई |
| | | कार्यपालिका सदस्य | | श्री दिपा सिंजाली |
| | | कार्यपालिका सदस्य | | श्री रुपमाया राना |
| | | कार्यपालिका सदस्य | | श्री लोक बहादुर सुनार |
| | | कार्यपालिका सदस्य | | श्री प्रेम सिंह बोटे |
| | सदस्य सचिव | प्रमुख प्रशासकीय अधिकृत | गाउँपालिका | श्री भेषराज आचार्य |
| | | वडा सदस्य | वडा नं.१ | मणिकलाल श्रेष्ठ |
| | | वडा सदस्य | वडा नं.१ | भुवन बहादुर राना |
| | | वडा सदस्य | वडा नं.१ | दिपा रसाइली |
| | | वडा सदस्य | वडा नं.२ | शोभाकर पाण्डेय |

| | | | | |
|---|---|---|---|---|
| | | वडा सदस्य | वडा नं.२ | केशर बहादुर राना |
| | | वडा सदस्य | वडा नं.२ | विष्णु झेडी |
| | | वडा सदस्य | वडा नं.२ | शर्मिला विश्वकर्मा |
| | | वडा सदस्य | वडा नं.३ | प्रविण थापा |
| | | वडा सदस्य | वडा नं.३ | भिम बहादुर पाण्डे |
| | | वडा सदस्य | वडा नं.३ | विन्दु थापा |
| | | वडा सदस्य | वडा नं.३ | चन्द्रमाया वि.क. |
| | | वडा सदस्य | वडा नं.४ | विष्णु प्रसाद पाण्डे |
| | | वडा सदस्य | वडा नं.४ | गणेश प्रसाद पाण्डे |
| | | वडा सदस्य | वडा नं.४ | चन्द्रकला दमै |
| | | वडा सदस्य | वडा नं.५ | तारा प्रसाद न्यौपाने |
| | | वडा सदस्य | वडा नं.५ | कृष्ण प्रसाद न्यौपाने |
| | | वडा सदस्य | वडा नं.५ | चन्द्रकला गौडेल |
| | | वडा सदस्य | वडा नं.६ | महादेव न्यौपाने |
| | | वडा सदस्य | वडा नं.६ | सरस्वती राना |
| | | वडा सदस्य | वडा नं.६ | शोभा एस.के. |
| | | वडा सदस्य | वडा नं.७ | सिरिमान थापा |
| | | वडा सदस्य | वडा नं.७ | कल्पना दमै |

**कालीगण्डकी गाउँपालिका**

गाउँसभाको सचिवालय

बिर्घा स्याङ्जा

**१८ औं गाउँसभाको दोस्रो बैठकका प्रस्ताव** **मिति : २०८२/०९/२५**

प्रस्तावन नं. १ विधेयक स्वीकृत गर्ने सम्बन्धमा ।

खिम बहादुर थापा
गा. पा. अध्यक्ष

**कालीगण्डकी गाउँपालिका**

गाउँसभाको सचिवालय

बिर्घा स्याङ्जा

**१८ औं गाउँसभाको दोस्रो बैठकका निर्णयहरु** **मिति : २०८२/०९/२५**

निर्णय नं १ प्रस्ताव नं १ माथि छलफल गर्दा विधायन समितिबाट सभामा पेश भएको आन्तरिक नियन्त्रण प्रणाली निर्देशिका २०८२ र कर्मचारी कल्याण कोष सञ्चालन कार्यविधि ऐन २०८१ लाई संधोधन गर्न बनको विधेयकलाई स्वीकृत गरी कार्यान्वयनका लागि अधिकार प्रदान गर्ने निर्णय गरियो।

खिम बहादुर थापा

गा. पा. अध्यक्ष

## कर्मचारी कल्याण कोष ऐन २०८१ संशोधन सम्बन्धी विधेयक

कर्मचारी कल्याण कोष ऐन २०८१ लाई संशोधन गर्न वान्छानिय भएकोले कालीगण्डकी गाउँपालिकको १८ औं गाउँसभाले यो विधेयक बनाएको छ ।

**विधेयकको नाम** : कालीगण्डकी गाउँपालिकाको कर्मचारी कल्याण कोष सञ्चालनलाई व्यवस्थापन गर्ने सम्बन्धी ऐन २०८१ को केही दफा संशोधन

सभामा छलफलका लागि प्रस्तुत गरेको मिति : २०८२/०९/२४

सभाले पारित गरेको मिति : २०८२/०९/२५

**संशोधन गर्नु पर्ने साविकको दफा :**

- परिच्छेद ५ दफा १० को उपदफा (१)
- स्पष्टीकरण (३)

**संशोधन गरी कायम हुनु पर्ने**

परिच्छेद ५ दफा १० उपदफा (१) स्थानीय तहमा समायोजन भई कार्यरत रहेका र पाँच वर्ष वा सो भन्दा बढी सेवा गरेका तर निवृत्तिभरण पाउने अवधि नपुगेका कर्मचारीले अवकाश पाएमा वा रजानीमा स्वीकृति गराई पदबाट अलग भएमा वा भविष्यमा सरकारी सेवाको निमित्त अयोग्य नठहरिने गरी सेवाबाट हटाईएमा देहाय बमोजिमको दरले उपदान पाउनेछः

(क) पाँच वर्षदेखि दश वर्षसम्म सेवा गरेकोमा काम गरेको प्रत्येक वर्षको निमित्त आखिरी आधा महिनाको तलब,

(ख) दश वर्षभन्दा बढी पन्ध्र वर्षसम्म सेवा गरेकोमा काम गरेको प्रत्येक वर्षको निमित्त आखिरी एक महिनाको तलब,

(ग) पन्ध्र वर्ष भन्दा बढी बीस वर्ष भन्दा कम सेवा गरेकोमा काम गरेको प्रत्येक वर्षको निमित्त आखिरी डेढ महिनाको तलब ।

(२) साविक स्थानीय निकामा नियुक्ति भएका र हाल स्थानीय तहमा समायोजन भई कार्यरत रहेका कर्मचारीको हकमा पाँच वर्ष वा सो भन्दा बढी सेवा गरेका कर्मचारीले अवकाश पाएमा वा राजनीमा स्वीकृति गराई पदबाट अलग

१८।०९।१५

खिम बहादुर थापा
गा. पा. अध्यक्ष

भएमा वा भविष्यमा सरकारी सेवाको निमित्त अयोग्य नठहरिने गरी सेवाबाट हटाइएमा देहाय बमोजिमको दरले उपदान पाउनेछ :-

(क) पाँच वर्षदेखि दश वर्षसम्म सेवा गरेकोमा काम गरेको प्रत्येक वर्षको निमित्त आखिरी आधा महिनाको तलब,

(ख) दश वर्षभन्दा बढी पन्ध्र वर्षसम्म सेवा गरेकोमा काम गरेको प्रत्येक वर्षको निमित्त आखिरी एक महिनाको तलब,

(ग) पन्ध्र वर्ष भन्दा बढी बीस बर्षभन्दा कम सेवा गरेकोमा काम गरेको प्रत्येक वर्षको निमित्त आखिरी डेढ महिनाको तलब ।

(घ) बीस वर्ष भन्दा बढी पच्चिस वर्षभन्दा कम सेवा गरेकोमा काम गरेको प्रत्येक वर्षको निमित्त आखिरी दुई महिनाको तलब

(ङ) पच्चिस वर्ष वा सो भन्दा बढी सेवा गरेकोमा काम गरेको प्रत्येक वर्षको निमित्त आखिरी साढे दुई महिनाको तलब ।

खिम बहादुर थापा
गा. पा. अध्यक्ष